का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक ३०९

❑ १८ पुस २०७८, आइतबार

❑ 2 January 2022, Sunday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।



# मतदान रोकेर मनोनयनको प्रयास

नेकपा माओवादी केन्द्रको केन्द्रीय नेतृत्व सर्वसहमतिबाटै चयन गर्न महाधिवेशन थप लम्ब्याइएको छ । शनिबार नै नेतृत्व चयन प्रक्रिया सार्वजनिक गरिएपनि साँझ स्थगित गरी सहमति जुटाउन नेताहरु जुटेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ पुस ।

नेकपा माओवादी केन्द्रको केन्द्रीय नेतृत्व चयन प्रक्रिया आज दिउँसोबाट शुरु हुने भएको छ । शनिबार दिउँसो नेतृत्व चयन प्रक्रिया अगाडि बढाइएको थियो । तर साँझ निर्वाचन समितिले सार्वजनिक गरेको प्रक्रिया स्थगित गरियो । निर्वाचन समितिले भने शनिबार रातभरमा नेतृत्व चयन प्रक्रिया सकिनेगरी तालिका सार्वजनिक गरेको थियो ।

शनिबार दिउँसो १,७४३ प्रतिनिधिको नामावली प्रकाशन गरेर निर्वाचन समितिले नेतृत्व चयन प्रक्रिया अगाडि बढाएको थियो । यदि निर्वाचन समितिको तालिकाअनुसार, प्रक्रिया अगाडि बढेको भए आइतबार बिहान मतदान सकिने थियो । निर्वाचन समितिले उम्मेद्वारी दर्ता, उजुरी दर्ता, मनोनयन फिर्ता, अन्तिम नामावली प्रकाशन गरी राति ११:३० बजेदेखि मतदानको तालिका सार्वजनिक गरेको थियो । सार्वजनिक तालिका अनुसार बिहान ४ बजे मतदान सकिने थियो ।

तर निर्वाचन समितिको तालिका रद्ध गरी आज दिउँसो १ बजेबाट प्रक्रिया अगाडि बढाउने भनिएको छ । निर्वाचन समितिले तालिका सार्वजनिक गर्नु अगाडि अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सहमति नजुटे लोकतान्त्रिक प्रक्रिया नरोकिने बताएका थिए । यसले प्रतिनिधिहरुले नै नेतृत्व चयन गर्ने बाटो खुलेको अनुमान गरिएको थियो । माओवादी केन्द्रको राजनीतिक जीवनमा त्यो निर्णय विशेष महत्वको थियो ।

– बाँकी पृष्ठ २ मा

# लोकतान्त्रिक एसोसिएसनमा अध्यक्षसहित पदाधिकारी आकांक्षी मिलाउन सकस

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनभित्र त्रिपक्षीय प्रतिस्पर्धा देखिएको छ । अध्यक्षका आकांक्षीमध्येका एक संघका कार्यवाहक अध्यक्ष कमल तामाङ प्रतिस्पर्धाबाट पछि हटेपछि एसोसिएसनमा संघका द्वितीय उपाध्यक्ष कमलदेव मल्ल, महासचिव सुजितकुमार श्रेष्ठ र पूर्व द्वितीय उपाध्यक्ष भुवनसिं गुरूङले आफ्ना पक्षमा निर्णय गराउन सम्पूर्ण शक्तिसहित लागेका छन् ।

शनिबार राति अबेरसम्म छलफल भएपनि अध्यक्षको आधिकारिक उम्मेद्वार टुंगो लाग्न बाँकी रहेको बताइएको छ। शनिबार एसोसिएसन कार्यसमितिको बैठकमा आकांक्षी तीनै जनाले आफ्नो उम्मेद्वारीका बलिया पक्ष राखेका छन् ।

नेपाली कांग्रेसले केन्द्रीय सदस्य सुरेन्द्र पाण्डेलाई केन्द्रीय निर्वाचन प्रतिनिधिका रूपमा खटाएको छ । उनी आएपछि सोमबार वा मंगलबार साँझसम्म एसोसिएसनले उम्मेद्वारको टुंगो लगाउने श्रोतले बतायो ।

एसोसिएसनले आफुलाई धेरै सदस्य भएको सबैभन्दा बलियो संगठनका रूपमा दावी गर्दै आएको छ। गतवर्ष नेकपा विभाजन भएसँगै प्रगतिशील र गणतान्त्रिक व्यवसायीहरू विभिन्न संगठनमा विभाजित भएका कारणले एसोसिएसनमा आवद्ध व्यवसायीहरूले यस पटक सहजै जित्ने आंकलन छ । सोही कारणले उम्मेद्वार छनोटको आन्तरिक प्रतिस्पर्धा पेचिलो बनेको बताइएको छ ।

विभिन्न तर्क र पृष्ठभूमि राख्दै अध्यक्षका आकांक्षीहरूले आफ्नो पक्षमा निर्णय हुँदा संघमा सहजै जितिने दाबी पेश गरिरहेका छन्। शनिबार साँझ एसोसिएसनको बैठकमा अध्यक्षका आकांक्षी तीन जनाले आफ्ना योजना र प्राथमिकता राखेका छन् ।

महासचिव श्रेष्ठले वर्तमान कार्यसमितिमा अगाडि बढाएका तर कोरोना भाइरसका कारणले पूरा गर्न बाँकी रहेका एजेन्डालाई पूर्णता दिन, वैदेशिक रोजगार ऐन, नियमावलीमा सुधार, फेमिसमा परिमार्जन, मागपत्र प्रमाणीकरणमा सहजता, वैदेशिक रोजगार विभागमा सुधार गर्ने र सहजरूपमा जित्ने अवस्था रहेको भन्दै अध्यक्षका लागि आफुलाई सहयोग गर्न आग्रह गरेका छन् ।

अर्का आकांक्षी मल्लले संघको चुस्त व्यवस्थापन गर्ने,

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## 'संघलाई दरिलो र प्रभावकारी बनाउन मेरो नेतृत्व'



**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनमा अध्यक्षका उम्मेद्वार प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका पूर्व अध्यक्ष **हरि बहादुर पाण्डे क्षेत्री**ले वैदेशिक रोजगार क्षेत्रमा सुधारको लागि योगदान आफ्नो प्रमुख उद्देश्य रहेको बताएका छन् । अध्यक्षको उम्मेदवार बन्ने तय भएपछि मध्यान्ह दैनिकसँगको अन्तर्वार्तामा क्षेत्रीले व्यवसायीको अधिकार रक्षाका लागि नेताको दैलोदेखि वैदेशिक रोजगर विभाग र वैदेशिक रोजगार कार्यालयमा खट्ने दोश्रो व्यक्ति नरहेकोले सहमतिमा नेतृत्व चयन नभएको अवस्थामा हुने निर्वाचनमा आफ्नो जित सुनिश्चित रहेको दाबी समेत गरे ।

अन्तर्वार्ता पृष्ठ ८ मा

काँग्रेस किचलो

# पेलेरै जाने संकेत

नेपाली काँग्रेसको सभापतिमा दोहोरिएका शेरबहादुर देउवाले इतर समूहलाई पेलेर जाने संकेत गरेका छन् । वरियता निर्धारण र केन्द्रीय सदस्य मनोनीत गर्दा सभापति पदका निकतम प्रत्यासी डा.शेखर कोइरालासँग कुनै समन्वय नगरी सभापति देउवाले निर्णय गरेर पेलेर जाने संकेत दिएका हुन् ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, १७ पुस ।

नेपाली काँग्रेसको सभापतिमा दोस्रोपटक निर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवाले शनिबार केन्द्रीय कार्य समितिमा १० जनालाई मनोनीत गरेका छन् । सभापति देउवाले महाधिवेशन सकिएको दुई साता नबित्दै १० नेतालाई केन्द्रीय सदस्य मनोनीत गरेका हुन् । १३औं महाधिवेशनमा आफूसँगै प्रतिश्पर्धा गरेका नेताहरु रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौलालाई देउवाले प्राथमिकतामा राखेर मनोनीत गरे ।

पौडेल र सिटौलाले १४औं महाधिवेशनमा कुनैपनि पदमा उम्मेद्वारी दिएका थिएनन् । कुनै पदमा उम्मेद्वारी नदिएका डा.नारायण खड्का, उमा रेग्मी र मीन विश्वकर्मालाई पनि देउवाले केन्द्रीय

– बाँकी पृष्ठ २ मा

# वैकल्पिक शक्तिको संकट



वैकल्पिक शक्ति बन्ने उद्देश्यले बनेको विवेकशील साझा पार्टी संकटमा देखिएको छ । यो मात्रै नभएर आफूलाई वैकल्पिक भन्ने अरु शक्तिहरुको पनि उस्तै नियति छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १७ पुस ।

विवेकशील साझा पार्टी आन्तरिक कलहमा फस्नु मात्रै नभएर विलय उन्मुख बनेको छ । रवीन्द्र मिश्रले राजसंस्थाको एजेण्डा लिएपछि यो पार्टी संकटमा परेको थियो । संकटकै बीच रञ्जु दर्शनाले पार्टी छोडिन् । गएको २०७४ को स्थानीय तहमा दर्शनाले काठमाडौं महानगरको मेयरमा उम्मेद्वारी दिएकी थिइन् । उनको व्यक्तित्व र आकर्षणकै कारण विवेकशील चर्चामा आएको थियो । तर सम्मानजनक (तेस्रो मत) मत ल्याएपनि जित्न नसकेकी दर्शनाको पार्टी विवेकशीलले मिश्रसँग एकता गरेको थियो ।

पत्रकार पृष्ठभूमिका मिश्रले पनि साझा पार्टी गठन गरी २०७४ को चुनावमा भाग लिएका थिए । काठमाडौं-१ बाट चुनाव लडेका मिश्र नेपाली काँग्रेसका नेता प्रकाशमान सिंहसँग पराजित भएका थिए । मिश्रले वाम गठबन्धनका उम्मेद्वार अनिल शर्मा भन्दा बढी मत ल्याएका थिए । प्रदेशसभा निर्वाचनमा त विवेकशीलबाट सदस्य नै

– बाँकी पृष्ठ २ मा



**मतदान...**

किनभने यसअघि माओवादी केन्द्रको केन्द्रीय कमिटी मतदानबाट नभएर मनोनयनबाट हुने गरेको थियो ।

तर शनिबार साँझसम्म आइपुग्दा फेरि माओवादी केन्द्र मतदान नभएर मनोनयनकै बाटोमा जाने देखिएको छ । किनकि सहमति भनेपछि नेतृत्वले केन्द्रीय सदस्य मनोनयन गर्नेछ भने केन्द्रीय सदस्यहरुले पदाधिकारी चयन गर्नेछ । संभवतः अब माओवादी केन्द्र मतदान नभएर मनोनयनकै बाटोमा जानेछ ।

माओवादी केन्द्रले यसपटक १५ सदस्यीय पदाधिकारी चयन गर्दैछ । अध्यक्ष बाहेक वरिष्ठ उपाध्यक्ष सहित ६ उपाध्यक्ष, एक महासचिव, दुई उपमहासचिव, तीन सचिव र एक कोषाध्यक्ष चयन हुनेछ । केन्द्रीय कमिटी भने २९९ सदस्यीय हुनेछ । महाधिवेशनबाटै चयन हुन लागेको यो सवैभन्दा ठूलो केन्द्रीय कमिटी हो ।

एकता प्रक्रियाका क्रममा भने ६ जेठ २०७३ मा माओवादी केन्द्रको केन्द्रीय कमिटी सदस्य संख्या चार हजार नाघेको थियो । त्यसबेला दश टुक्रामा विभाजित माओवादीको एकता भएको थियो । उक्त महाधिवेशनपछि चार हजार बढीको केन्द्रिय कमिटी बनेको थियो । त्यसपछि माओवादी केन्द्रले नेकपा एमालेसँग एकता गऱ्यो । एकता हुँदा माओवादीबाट २०० जना केन्द्रीय सदस्य बनेका थिए ।

आठौं महाधिवेशनबाट माओवादी केन्द्रले मिश्रित केन्द्रीय कमिटी बनाउने तयारी गरेको छ । ५० प्रतिशत खुला र ५० प्रतिशत समावेशी कोटाबाट केन्द्रीय कमिटी चयन हुनेछ । त्यसमा ३५ प्रतिशत महिला, १५ प्रतिशत दलित र २० प्रतिशत युवा अनिवार्य हुने विधानमा व्यवस्था गरिएको छ ।

**काँग्रेस...**

सदस्य मनोनीत गरे । पौडेल, सिटौला, खड्का, रेग्मी र विश्वकर्माले देउवालाई सभापति निर्वाचित गर्न सहयोग गरेका थिए । यसबाहेक देउवाले बिजयकुमार गच्छदार, सुजाता कोइराला, डा.प्रकाशशरण महतलाई मनोनीत गरे । मनोनीत हुनेमा १४औं महाधिवेशनमा सभापति पदमा प्रतिश्पर्धा गरेका प्रकाशमान सिंह र विमलेन्द्र निधि पनि छन् । सिंह र निधि कुनै बेला देउवा निकट नेता थिए । तर यसपटक सभापतिमै प्रतिश्पर्धा गरेका थिए । सिंह र निधि पहिलो चरणको मतदानमा तेस्रो र चौथों बनेका थिए । दोस्रो चरणमा भने सभापति देउवालाई सहयोग गरेका थिए ।

पौडेल र सिटौलाले भने महाधिवेशन अगाडि नै सहयोग गरेका थिए । देउवालाई साथ दिएकै प्यानलबाट उपसभापतिमा पराजित सुजाता पनि केन्द्रिय सदस्य मनोनीत भए । गच्छदार पनि उपसभापतिमै पराजित भएका थिए । तर उपसभापतिमा डा.शेखर कोइरालाको प्यानलबाट उम्मेद्वार बनेर पराजित भएका थिए । तर देउवाले आफू इतर समूहका भने कसैलाई पनि मनोनीत गरेनन् । शेखरको प्यालनबाट धनराज गुरुङले गच्छेदारलाई पराजित गरेका थिए । तर शेखर कोइराला प्यानलबाट पराजित डा. चन्द्र भण्डारीलाई मनोनीत गरिएको छैन ।

महामन्त्रीमा देउवा प्यानलबाट पराजित महत केन्द्रीय सदस्य मनोनीत भए । तर शेखरको प्यानलबाट महामन्त्री पराजित डा. मीनेन्द्र रिजाललाई मनोनीत गरिएको छैन । हुन त अझै २३ जना केन्द्रीय सदस्य मनोनीत हुन बाँकी छ । तर पहिलोचरणको मनोनयमा देउवाले शेखर प्यानलसँग समन्वय नगरेको प्रष्ट हुन्छ । यसअघि सभापति देउवा पेलेर जाने मनोविज्ञानमा देखिन्छन् । यसअघि वरियता निर्धारणमै देउवाले त्यस्तो संकेत गरिसकेका थिए । ४७ सय प्रतिनिधि मध्ये ४० प्रतिशत मत ल्याएका शेखरलाई पार्टीको २० औं वरियतामा राखेका थिए । जबकी यसअघि सभापतिमा पराजित हुने निकटतम प्रतिश्पर्धीलाई सभापति पछिको वरियता दिने गरिएको थियो ।

**लोकतान्त्रिक...**

दुईवर्षे कार्यकालका लागि महिनामा एउटा सुधारको योजना कार्यान्वयन गर्दै कार्यकालमा २४ वटा योजना कार्यान्वयन गरेर वैदेशिक रोजगारलाई व्यवस्थित र व्यवसायीलाई मर्यादित बनाउने एजेन्डा अघि सारेका छन् ।

अध्यक्षका अर्का आकांक्षी गुरुङले संघको गत निर्वाचनमा जित्ने पर्याप्त आधार हुँदाहुँदै संगठनको हितलाई ध्यानमा राखेर स्व. विष्णुप्रसाद गैरेलाई छाडेको र त्यतिखेर यसपटक आफुलाई अध्यक्षको सर्वसम्मत उम्मेद्वार बनाउने बचन दिइएकाले त्यसको पालना गरिनुपर्ने, अघिल्लो पटक प्रगतिशील पक्षले संघमा दुईतिहाइ सिट जित्दा पदाधिकारीमा आफुले मात्र जितेको कारणले अन्य दुई प्रतिस्पर्धी भन्दा आफू बलियो रहेकोले उम्मेद्वारी आफुले पाउनुपर्ने दाबी गरेका छन् ।

उनले वैदेशिक रोजगारलाई सुधार गर्न प्रशासनिक अनुभव चाहिने भन्दै संघमा नेतृत्व र काम गरेको दुबै हिसाबले आफु सिनियर भएको र जित्ने अवस्था रहेकोले, कामको निरन्तरता, लगनशीलता र कार्यकुशलताका आधारमा संस्थागत निर्णय हुनुपर्छ भन्ने धारणा राखेका छन् । आम व्यवसायी निराश भएकाले चुनावमा योग्य उम्मेद्वार देखिएनन् भने अधिकांश म्यानपावर कम्पनीबाट साधारणसभामा प्रतिनिधि नै नआउने अवस्था रहेको विषयमा उनले जोड दिएको बैठक श्रोतले बतायो ।

अध्यक्षसँगै आगामी कार्यकालका लागि समेत महत्वपूर्ण मानिने पदाधिकारीमा पनि आकांक्षी व्यवसायी बढेका छन् । प्रथम उपाध्यक्षमा एसोसिएसनका वर्तमान अध्यक्ष नरेन्द्र प्रसाद ढकाल र पूर्वअध्यक्ष प्रज्ञान न्यौपाने आकांक्षी देखिएका छन् । द्वितीय उपाध्यक्षमा राधिका कटुवाल, जनक खड्का आकांक्षी देखिएका छन् ।

महासचिवमा एसोसिएसनका पूर्व वरिष्ठ उपाध्यक्ष ऋषि शर्मा, हालका सचिव मेघनाथ भुर्तेल, सचिवमा एसोसिएसनका सचिव कमल काफ्ले, संघ कार्यसमिति सदस्य कर्ण बहादुर कटुवाल, प्रकाश बोहोरा, एसोसिएसनका सहसचिव अमिर बास्तोलालगायतको दाबी रहेको बताइएको छ । अध्यक्षका दावेदारहरूले आन्तरिकरूपमा पनि प्यानल बनाउन शुरू गरेको र अध्यक्षको टुंगो लागेपछि प्यानलको पनि टुंगो लाग्ने बताइएको छ ।

**वैकल्पिक...**

निर्वाचित भए । यसरी दर्शना र मिश्रको जनमतको बलमा विवेकशील साझा पार्टी बनेको थियो ।

तर यो पार्टीले आकार बढाउन त टाढाको कुरा भयो, एकताबद्ध समेत हुन सकेन । विभाजनकै क्रममा दर्शनाले पार्टी छोडिन् । मिश्रले भने पूर्वपञ्चहरुको पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सँग एकताको प्रस्ताव राखेका छन् । अर्थात् मिश्र वैकिल्पक शक्तिबाट परम्परागत र दक्षिणपन्थी शक्तिसँग एकता प्रक्रियामा अगाडि बढेका छन् ।

यो सँगै युवा मत तानेर वैकल्पिक शक्ति बन्ने मिश्रको अभियान दुखद् अवशानतिर लम्किएको छ । हुन त यसअघि पनि वैकिल्पक शक्तिको चाहना राख्ने नेताहरुले पनि मिश्रकै जस्तो नियति खेपेका थिए । २०७२ को संविधान जारी भएपछि माओवादीबाट अलग भएर पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले वैकल्पिक शक्ति बन्ने भन्दै नयाँ शक्ति पार्टी गठन गरे । तर भट्टराई बाहेक २०७४ को निर्वाचनमा कसैले पनि जित्न सकेन ।

त्यसअघि नेकपा एमालेबाट अलग भएर अशोक राईले संघीय समाजवादी पार्टी गठन गरे । उनको पार्टीले २०७० को निर्वाचनमा एकसिट पनि प्रत्यक्षतर्फ जित्न सकेन । अहिले भट्टराई र राई एउटै पार्टीमा छन् । दुवै जनाले उपेन्द्र यादव नेतृत्वको पार्टीसँग एकता गरेर जनता समाजवादी पार्टी (जसपा) बनेका छन् ।

## डोल्पाका प्रेम र लाक्पा

# जसले बनाए लाखौंका दुई पक्की पुल ४ घण्टाको लेक काट्न पर्ने बाध्यता हट्यो

**रूपक कुलाल/मध्यान्ह**
काइके, १७ पुस

प्रेम बुढा र लाक्पा लामा काइके गाउँपालिका वडा नम्वर १ मा पर्ने लिडे खोलामा बसोवास गर्ने स्थानीय हुन् । उनीहरु वर्षौदेखि यहि स्थानमा सामान्य पसल चलाएर बस्छन् । दुई चार घर भएको उक्त ठाउँको तीरैतीर भएर ठुलीभेरी नदी बग्दछ । छार्का ताङसोङ गाउँपालिका जान काइके गाउँपालिकाको ल्यासिक्याप हुँदै लिडे खोलाबाटै जानुपर्छ । वर्षौदेखि नदी तर्ने पुल नहुँदा छार्काका स्थानीय, आवतजावत गर्ने सर्वसाधरण र पर्यटकलाई ४ घण्टाको उकाली ओराली गरेर लेक नै काट्नु पर्ने बाध्यता थियो ।

प्रेम र लाक्पाले वर्षौदेखि कच्ची काठे पुल बनाउँदै आएका थिए तर बर्खा याममा उर्लेर आउने भेलले सँधै पुल बगाइ दिन्थ्यो । यसपटक भने उनीहरुले बलियो पुल बनाउने योजना बनाए । नदीको चिलिम्फू र मालम्पा भन्ने दुई ठाउँमा बलियो काठे पुल बनाउने योजना बनाए । दुवै जनाले निजी पहलमा पुल बनाउँने काम शुरु गरे । दुई ओटा पुल बनाउन २८ जना कामदारले ७५ दिन लगाए । दुई जनाको व्यक्तिगत पहलमा पुल निर्माणको काम सम्पन्न भईसकेको छ । गत पुष १२ गते वडाअध्यक्ष छिरिङ तुन्डुप लामाले दुवै पुलको उद्घघाटन गरे । उद्घघाटनमा वडाअध्यक्षसहित स्थानीय वुद्धिजिवीवर्ग र सर्वसाधरणको बाक्लो उपस्थिति समेत थियो । दुबै पुलको उद्घघाटन गर्दै वडाअध्यक्ष लामाले प्रेम र लाक्पाले गरेको कामको प्रशंसा गर्दै पुल निर्माणमा लागेको खर्चलाई मध्यनजर गर्दै ८ लाख रुपैंया सहयोग गर्ने घोषणा पनि गरे । एउटा पुल निर्माणको जिम्मा लिने वडाअध्यक्ष लामाको भनाइ छ ।

ठूलो रकम खर्च भएकाले उनीहरु चिन्तामा थिए । तर उनीहरुले गरेको सकारात्मक कामका लागि यतिखेर सहयोगि हातहरु देखा पर्न थालेका छन् । काइके गाउँपालिका र छार्का ताङसोङ गाउँपालिकाले केहि रकम सहयोग गर्ने भएका छन् । पुल निर्माणका अभियानकर्ता प्रेम बुढाका अनुसार काइकेले एउटा पुल निर्माणको खर्च दिने र वडाबाट मिलाउने कुरासमेत भएको छ । हालसम्म काइके गाउँपालिका अध्यक्ष अंगत कुमार रानाले २ लाख रकम सहयोग गरेको र वडाले ८ लाख रुपैयाँ सहयोग गर्ने प्रतिवद्धता गरेको बुढाले जानकारी दिए । उनले थपे छार्का ताङसोङ गाउँपालिकाका अध्यक्ष सेनांङ गुरङले पनि एउटा पुल बराबरको खर्च ७ लाख रुपैयाँ उपलब्ध गराउने प्रतिवद्धता जनाएका छन् ।

उनीहरुको कामको सम्मान गर्दै केहि ब्यक्तिहरुबाटसमेत सहयोग आएको छ । स्थानीय मालवहादुर बुढाले ५ हजार र छार्का ताङसोङ गाउँपालिकाकी सेरिका निमा लामाले ५ हजार सहयोग गरेका छन् । प्रेम वुढा र लाप्का लामाले स्थानीय सरकारदेखि प्रदेश र संघीय सरकारले जनताका दुःखलाई मध्यनजर गर्दै विकास गर्न अनुरोधका साथै सहयोगको लागि सबैंमा अपिल समेत गरेका छन् । हाल दुई पुल बनेदेखि यो पुलको बाटो भएर हिड्ने सर्वसाधरणलाई घण्टौं लाग्ने उकालो चढ्न नपर्ने भएको छ भने स्थानीय खुशी भएका छन् ।

**Province Government**
**Office of the Chief Minister and Council of Ministers**
# Province Training Center
**Jhapa, Province-1**

## Invitation for Bids

**First Date of Publication: 2078/09/18 (2nd Jan 2022)**

1. E-bids are invited form eligible bidders for procurement of the following works under National Competitive bidding.

| S.N. | Description of works | Contract Identification Number | Estimated Amount NRs (including VAT and PS) | Bid Security (NRs) |
|---|---|---|---|---|
| 1 | Renovation and Maintenance of Province Training Center, Jhapa | PTC/JHAPA/W/NCB/01/078-79 | 13542148.36 | 340000 |
| 2 | Land Development works of Province Training Center, Jhapa | PTC/JHAPA/W/NCB/02/078-79 | 8995945.61 | 225000 |

2. **Purchase, Submission and Opening of Bid:**

| Submission Deadline | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 2078-10-18 (1st Feb 2022) | 12:00 PM | 2078-10-18 (1st Feb 2022) | 3:00 PM | Bidders may download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders must deposit the cost of bidding document amounting to N**Rs. 3000** (for individual project) in the employer's rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the bank deposit voucher should be submitted along with the electronic submission of the bid files. Bids must be valid for **90** days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format amounting to rupees specified above which must be valid for at least **30** days beyond the validity period of the bid. For further information contact 9852678821, provincetraining1@gmail.com. |

3. **Bank Account Details:**

| Purpose | Account Name | Bank Name | Account Number | Heading Number | Office Code Number |
|---|---|---|---|---|---|
| Bid Security | Pradesh Lekha Ekai Karyalaya, Jhapa | Rastriya Banijya Bank, Bhadrapur, Jhapa | 2210100202030000 (For Dharauti) | - | 3310012021 |
| Bid Document Fee | Province Training Center, Jhapa | Rastriya Banijya Bank, Bhadrapur, Jhapa | 1000100200010000 (For Rajaswa) | 14229 | 3310012021 |

4. Pre-bid meeting shall be held at the employer's office on 2078-10-07 (21st Jan 2022) at 13:00 hours.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as last date.In such case, validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Any changes in notice or on Bid document will be published as a bid addendum in PPMO's e-bidding portal.

**बौदीकाली, गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

## सेनेटरी प्याड खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**दरभाउपत्र नं. : BRMNP/078–079/01**
**प्रथम पटक प्रकाशित : २०७८/०९/१८**

यस बौदीकाली गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत किशोरी अवस्थाका छात्राहरुलाई महिनावारीका समयमा निःशुल्क वितरण गर्न सेनेटरी प्याड दरभाउपत्रका मध्यमबाट खरिद गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. यो सूचना राष्ट्रिय वा स्थानीय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति २०७८/१०/०२ गतेसम्म कार्यालय समयभित्र रु. १०००/- (अक्षेरुपी एक हजार रुपैया मात्र) यस कार्यालयको राजश्व शाखामा तिरी वा कार्यालयको आन्तरिक राजस्व खाता नं. T104010000009 (राजस्व शिर्षक नं. १४२२९) मा जम्मा गरी सक्कल भौचर पेश गरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयको शिक्षा शाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।
२. दरभाउपत्र फाराम खरिद गर्न लिखित निवेदन साथ आ.व. ०७७/०७८ सम्मको लागि नवीकरण गरिएको सेनेटरी प्याड विक्री व्यवसाय संचालन गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०७७/०७८ सम्मको कर चुक्ता प्रमाणपत्र समेतका प्रतिलिपि संलग्न राखी प्रोप्राइटर स्वयं उपस्थित भई वा आधिकारिक मञ्जुरीनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिनेछ ।
३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०७८/१०/०३ गतेको १२:०० बजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।
४. दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।
५. दरभाउपत्रदाताले आफुले पेश गरेको दरभाउपत्रको सिलबन्दी खाम बाहिर दरभाउपत्र पेश गरेको कार्यालयको नाम, दरभाउपत्र नं. र कामको विवरण उल्लेख गर्नुपर्नेछ साथै उक्त सिलबन्दी काम बाहिर स्पष्ट रुपमा दरभाउपत्रदाताले आफ्नो नाम र ठेगाना समेत उल्लेख गर्नुपर्नेछ ।
६. दरभाउपत्रदाताले धरौटी वापत रु. २५,०००/- (अक्षेरुपी पच्चीस हजार रुपैया मात्र) बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको नाममा ग्लोबल आईएमई बैंक, बुङ्दीकाली शाखामा रहेको ग.३ धरौटी खाता बौदीकाली (खाता नं. T104010000001) मा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा ७५ दिन (दरभाउपत्र दाखिला गर्ने कम्तिमा अन्तिम दिनबाट) म्याद कायम रहेको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक जमानत (विडवण्ड) दरभाउपत्र साथ संलग्न राख्नुपर्नेछ । दरभाउपत्र स्वीकृत भएमा कुल कबोल अंक (मु.अ.कर सहित) को ५ प्रतिशत सम्मले नपुग हुने थप धरौटी वापतको रकम माथि उल्लेखित धरौटी खातामा दाखिला गरेको सक्कलै बैंक भौचर वा सामान आपूर्ति गर्ने अन्तिम अवधिभन्दा घटीमा ३० दिन बढी म्याद कायम रहेको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नुपर्नेछ । बोलपत्र जमानत (Bid Bond) राखेकोमा पछि कार्यसम्पादन जमानतमा परिणत गर्न पाइनेछैन ।
७. दरभाउपत्रको सेनेटरी प्याड खरिदका लागि एउटै BOQ संलग्न हुनेछ । दरभाउपत्रदाताले आफुले कवोल गरेको सेनेटरी प्याडको दररेट अंक र अक्षर दुवैमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
८. दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा केरमेट गरी लेखेको वा टिपेक्स लगाएको स्थानमा सहिछाप गरेको हुनुपर्नेछ । साथै दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक व्यक्तिको सहि र छाप अनिवार्य रुपमा लगाएको हुनुपर्नेछ । दरभाउपत्र फारामको फोटोकपी गरी पेश गरेको, यस कार्यालयबाट विक्री नभएको तथा एक व्यक्ति वा फर्मको नाममा विक्री भएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा तर्फबाट पेश गरेको दररेट अंक र अक्षर दुवैमा नलेखिएको, एक आपसमा मिलेमतो गरी दरभाउपत्र पेश गरेको वा फर्मको तर्फबाट कुनै शर्त राखी पेश गरेको दरभाउपत्रलाई मान्यता दिईनेछैन । साथै म्याद नाघी र रित नपुगी प्राप्त दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।
९. विल अफ क्वान्टिटिज (BOQ) मा उल्लेखित प्रति इकाई दररेटमा कार्यालयको आवश्यकता अनुसार उपलब्ध गराउनुपर्नेछ ।
१०. आपूर्तिकर्ताले खरिदकर्ताको कार्यालय हातासम्म ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु स्वयंले व्यहोर्नुपर्नेछ ।
११. आपूर्तिकर्ताले आपूर्ति गर्ने सेनेटरी प्याडको गुणस्तर सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ (संशोधन सहित) को अनुसूची १ बमोजिम रहेको भन्ने स्वः घोषणाको लिखित कागजात पेश गर्नुपर्नेछ । साथै सिलबन्दी दरभाउपत्रका साथ आपूर्ति गर्ने सेनेटरी प्याडको नमूना समेत संलग्न राख्नपर्ने छ । नमूना पेश नगर्ने दरभाउपत्रदाताको दरभभाउपत्रलाई मुल्यांकनमा समावेश गरिने छैन । दरभाउपत्रदाताले पेश गरेको नमुना बमोजिमका सेनेटरी प्याडहरु खरिद सम्झौता भए पश्चात सोही गुणस्तरका सेनेटरी प्याड उपलब्ध गराउनु पर्नेछ । आपूर्ति भईसकेपछि उक्त कार्यविधिको अनुसूची १ बमोजिमको गुणस्तर रहेको नपाइएमा त्यसको पूर्ण जिम्मेवारी आपूर्तिकर्ताले लिनुपर्नेछ अन्यथा भुक्तानी दाबी गर्न पाइनेछैन ।
१२. आपूर्ति गर्ने सेनेटरी प्याडको मान्य अवधि मिति (Expiry Date) स्टोर दाखिला भएको दिनबाट कम्तिमा १८ महिना बाँकि भएको हुनुपर्नेछ ।
१३. आपूर्ति हुने सेनेटरी प्याडहरुको प्रत्येक प्याकिङ्गमा प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, तथा व्याच नं. र निःशुल्क वितरणका लागि भनि उल्लेख भएको हुनुपर्नेछ ।
१४. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१५. कुनै दरभाउपत्रदाताले दरभाउपत्रमा कुनै संशोधन गर्न वा दरभाउपत्र फिर्ता लिन सक्नेछैन ।
१६. दरभाउपत्र स्वीकृत भई यस कार्यालयले तोकेको अवधि भित्र एकैपटक सेनेटरी प्याड उपलब्ध गराउनु पर्नेछ । आपूर्ति गर्ने सेनेटरी प्याडहरुको केहि अंश वा सम्पूर्ण मालसामान बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कारवाही हुनेछ ।
१७. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२) (ङ) बमोजिम दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।
१८. दरभाउपत्रदाताले उपलब्ध गराउने सेनेटरी प्याड स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनको लागि जारी गरेको सक्कल अधिकारपत्र (Authorization Letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कल अधिकारपत्र (Authorization Letter) पेश गर्नुपर्नेछ ।
१९. यो सूचनामा उल्लेख नभएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

**पुनश्च : कार्यालयबाट पूर्ण भुक्तानी हुनु पूर्व उपलब्ध गराइएका सेनेटरी प्याडको गुणस्तर चेक जांच गरिनेछ ।**

विस्तृत जानकारीको लागि बौदीकाली गाउँपालिकाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## सम्पादकीय

### घातक मौनता

एक महिनादेखि सर्वोच्च अदालतमा गोला प्रणाली लागू भएको छ । सर्वोच्चमा लागू भएको प्रणाली उच्च अदालत र जिल्ला अदालतमा पनि अभ्यासमा लैजाने तयारी भइरहेको छ । न्यायाधीश हरिकृष्ण कार्की नेतृत्वको न्यायिक सुधार अध्ययन समितिको सिफारिस अनुसार, गोला प्रणाली सर्वोच्चमा लागू भएको छ । सर्वोच्च अदालतको ७० वर्षे इतिहासमा पहिलोपटक न्यायाधीशहरूले गोला तानेर परेको पेशीमा सुनुवाइ गरिरहेका छन् । गएको मंसिर १५ गतेदेखि यो प्रणाली लागू हुनुमा अदालतको भ्रष्टाचार रोक्ने उद्देश्य मात्रै छैन । भ्रष्टाचार रोक्न अध्ययन समितिले सिफारिस गरिए पनि सर्वोच्च अदालतमा देखिएको संकटबीच न्यायिक सम्पादन अगाडि बढाउन यो प्रणाली लागू गरिएको छ ।

सर्वोच्चमा गोला प्रणाली लागू भएकाले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको भूमिकाबिनै न्यायिक सम्पादन भइरहेको छ । गोला प्रणाली कायम नहुँदा प्रधानन्याधीशले इजलास तोक्ने गरेका थिए । तर अहिले गोलामा परेको पेशीको आधारमा सुनुवाइ भइरहेको छ । प्रधानन्यायाधीश जबराले भने सर्वोच्चमा आउने, हाजिर गर्ने र निवास फर्कने गरिरहेका छन् । प्रधानन्यायाधीश जबरासहितको संयुक्त इजलास समेत बसेको छैन । प्रधानन्यायाधीश जबरा सहितको इजलासमा बस्न सर्वोच्चका न्यायाधीशहरू तयार छैनन् । गोला प्रणाली लागू हुनुअघि त एक महिना बढी सर्वोच्चको सुनुवाइ नै अवरूद्ध बनेको थियो । प्रधानन्यायाधीश जबराको राजीनामा माग गर्दै सर्वोच्चका न्यायाधीशहरूले गएको कात्तिक ८ देखि सुनुवाइ गरेका थिएनन् । तर गोला प्रणालीले न्यायिक सम्पादन कार्य भने भइरहेको छ ।

न्यायिक सम्पादन कार्यमा नयाँ अभ्यास भएपनि प्रधानन्यायाधीश जबरोको राजीनमा मागको आन्दोलन भने टुंगिएको छैन । नेपाल बार एशोसिएशनको आन्दोलन जारी छ । न्यायाधीशहरू पनि जबरासँग इजलासमा बस्न तयार छैनन् । तर राजनीतिक दलहरू भने न्यायालयको विवादमा मौन छन् । सवैजसो दलहरू न्यायालयभित्रको विवाद त्यही समाधान हुनुपर्ने अडानमा छन् । जबकी मुलुकको हरेक समस्या समाधान हुने ठाउँ संघीय संसद हो । तर त्यही संसद् पनि विपक्षी नेकपाको एमालेको अवरोधका कारण खुल्न सकेको छैन । संसद् नखुलेपछि न्यायालयबारे सांसदहरूले बोल्न पाएका छैनन् । यसले न्यायालयको समस्या थप बढेर जाने प्रष्ट छ । त्यसैले न्यायालयको समस्याबारे नबोल्ने दलहरूको अडान घातक छ । न्यायालय र विधिको शासन कमजोर बनेर जाने खतरा छ ।

# माओवादीमाथि अस्तित्वको प्रश्न

संयोगले आजको संसदमा माके तेस्रो ठूलो दल छ । उसका अगाडि आगामी चुनाव ठूलो त्रास र भयको विषय बन्दै छ । कारण उसको आगामी चुनाव नेकासँग गठबन्धन गर्नुपर्ने बाध्यता छ ।

अग्रलेख



● विष्णु पन्त

### चुनाव केन्द्रीत महाधिवेशन

संसदीय पार्टीका महाधिवेशनहरु भइरहेका छन् । सत्तारुढ नेकपा (माओवादी केन्द्र)को आठौं महाधिवेशन पनि काठमाडौंमा जारी छ । हालै मात्र नेकपा (एमाले), नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी जस्ता पार्टीहरुले पनि महाधिवेशन सम्पन्न गरेका छन् । महाधिवेशन भइरहँदा सबै पार्टीहरुभित्र बहसहरुको निशाना एकै तर्फ वा समान दिशामा केन्द्रीत छ । बहस वा विचारको निशानामा छ अब हुन लागेको संसदीय निर्वाचन ।

आगामी संसदीय निर्वाचनमा नेपाली कांग्रेस सबैभन्दा बढी सिट जित्ने निश्चित छ, किनकी कम्युनिष्टहरु विभाजित छन् । ओली र दाहाल अनि ओली र नेपालबीच पानी बाराबार छ । कम्युनिष्ट बादशाह भनिने ओली, दाहाल र नेपालको यो तल्लो स्तरको छुद्र अनि संकिर्ण अराजनीतिक अनि शत्रुतापूर्ण लडाइँबाट कम्तिमा शेरबहादुर देउवाले भरपुर आनन्द लिएका छन् । त्यसै पनि उनी सत्तामा छन् यद्यपि दुई तिहाई ल्यायौं भनेर दीपावली गर्नेहरु सडकमा छन् र कोही संसद अवरुद्ध गरीरहेका छन् । किन एमाले र माओवादी केन्द्रको चुनावी मोर्चा भई पार्टी एकता भयो भन्ने विषयमा कुनै बहसहरु भएका छैनन् । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को निर्माण र विभाजनको पछाडिको कारण के हो ? त्योभन्दा अगाडिको स्थानीय निर्वाचनमा माओवादी केन्द्र र नेपाली कांग्रेसबीचको चुनावी मोर्चाको सैद्धान्तिक आधार के हो ? नेकपाको विभाजन पछि वर्तमान सत्ता गठबन्धनको अन्तर्य के हो ? यी प्रश्नहरुको आत्मसमिक्षा वा संश्लेषण नगरी के राजनीति सही ठाउँमा पुग्छ ?





अहिले प्रश्न उठेको छ, के माओवादीहरुलाई जसरी भएपनि सत्तामा अर्थात् सरकारमा पुग्नै पर्ने बाध्यता छ त ? नेका, एमाले, माके र एसबीच कुनै फरक छ त ? ओली, दाहाल, देउवा र नेपालबीच कुनै वैचारिक मतभेद छन् त ? उनीहरुबीचका एकता वा विभाजनका पछाडिको निर्णायक मनोविज्ञान के हो त भन्ने प्रश्नहरुको सही संश्लेषण नगर्दासम्म राजनीति सुध्रिने देखिँदैन ।

### अस्तित्व जोगाउन संघर्ष

माओवादी केन्द्रले चुनावलाई नै अस्तित्व रक्षाको मुख्य आधार बनाएको छ । चुनावमा हार्नासाथ जाने अर्को बाटो उसका लागि छैन । बिगतमा चुनावमा धेरै पटक सिद्धियो भन्दा भन्दै उ अली अली बँचेको थियो । ओलीसँगको एकताले नै माओवादी केन्द्रको सम्मानजनक अस्तीत्व बचेको हो । लगभग अधिकांश उम्मेदवारहरुले जित्नु उसको गिरेको मनोबल उकासिने प्रमुख घटना बनेको थियो । आगामी चुनावमा उ गम्भीर संकटमा फस्ने निश्चित छ । एमालेसँग जसरी सहजै ६०/४० को सहमति भएको थियो नेपाली कांग्रेससँग सहजै त्यो हुने सम्भावना देखिँदैन । फेरि गठबन्धनका लागि एकीकृत समाजवादी, जनता समाजवादी पनि लामबद्ध छन् । यसरी हेर्दा माके र एसको मुख्य निशानामा एमाले हराउ अभियान हुने निश्चित छ ।

संसदीय पार्टीहरुमा अस्तित्वको लडाइँ चलिरहेको छ । उनीहरु बाँच्ने एउटै आधार छ, त्यो हो चुनाव जित्ने । चुनाव हारेको माओवादी केन्द्रको अस्तित्वको मैंले कल्पना गरेको छैन । संसद र सरकारभन्दा बाहिरको माओवादी केन्द्रको जीवन मैंले देखेको छैन । यो बिडम्बना हो कि कम्युनिष्ट पार्टीको अस्तित्व चुनाव वा संसद र सरकार बाहिर हुँदैन । यो विषय गम्भीर छ तर, जुन विषयमा माकेको महाधिवेशनमा बहस नै भएन । फरक मतको रुपमा आएका पुस्ताहरु पनि केवल मन्त्री वा भाग नपाएका गुनासा, कुण्ठा र आक्रोश मात्र पोखिएका छन् । फेरि केही पाउनका लागि गरिएका कुण्ठाहरुको अभिव्यक्ति मात्र देखिन्छन् ।

माओवादी केन्द्रको पुर्ननिर्माण भएपछि उसले आफ्नो पृथक पहिचान बनाउने राम्रो सम्भावना थियो, त्यो हो : सरकारमा सहभागि नहुने र संसदमा विचारको मुद्दा उठाउने । संसदीय व्यवस्थाको विकल्पमा एउटा अग्रगामी विकल्प वा मुद्दा उठाएर उसले आफुलाई सुद्रढ गर्ने अवसर थियो । यदि यो विकल्पमा गएको भए माओवादीहरुबीचको एकता स्वभाविक हुन्थ्यो र यसलाई भ्रमको नारा बनाउनुपर्ने जरुरी नै हुँदैन्थ्यो । कम्तीमा देशलाई उसले भन्दै आएको जनताबाट प्रत्यक्ष निर्वाचित शक्तिशाली राष्ट्रपतीय प्रणालीमा लैजानु उसको जीत हुन्थ्यो । संसदलाई केवल नीति निर्माणमा लगाउने, अदालतलाई शुद्धिकरण गर्ने र सरकारलाई जनउत्तरदायी बनाउन सकेको भए एउटा अग्रगामी कदम हुन्थ्यो र त्यसले माओवादीको औचित्यलाई पुष्टी गर्दथ्यो । दुःखको कुरा आजको प्रचण्डको संसदीय यात्रामा न त माके वा पार्टीको औचित्य पुष्टी हुन्छ न त प्रचण्डको आवश्यकतको पुष्टी हुन्छ । आजका घटनाक्रमले वास्तवमा माओवादी धारको विचलन, पतन र अवसानलाई मात्र प्रतिबिम्बित गर्दछन् ।

> दशवर्षे जनयुद्ध र क्रान्तिकारी आन्दोलनको पृष्ठभूमिका कारण माओवादी केन्द्रको स्वतन्त्र पहिचान र स्वतन्त्र अस्तित्व हुन आवश्यक थियो । एमाले र कांग्रेसभन्दा केही त फरक हुनुपर्दथ्यो तर, माओवादी खाँटी संसदवादी भएर निस्किए । देशमा राजनीतिक क्रान्ति सम्पन्न भयो भन्ने उनीहरुको गलत संश्लेषण हाबी भयो ।

कम्तीमा अग्रगमनका नयाँ-नयाँ मुद्दा, विकल्प र पुस्ताहरु दिन सकेको भए माओवादीको फेरि पनि एकता, ध्रुवीकरण र विकास देख्ने सम्भावना थियो । के हामीले संसद, सरकार र चुनावभन्दा बाहिर पनि बाँच्न सक्ने पार्टी बनाउन सक्दैनौं त ? आज त यस्तो भैसक्यो कि अब माके र नेकाबीच पार्टी एकता भए पनि कुनै अनोठौ नहुने भयो किन ? नेका र माकेबीच कुनै फरक नै छैन । यसको मूल कारण के हो भने विचारको मृत्यु र सत्ता लोलुपताको विकास । विचार सहायक बन्यो र सत्ता प्रधान बन्यो । मेरो प्रश्न छ, माओवादी केन्द्रका प्रचण्डलगायतका नेताहरु सांसद नभई बाँच्न सक्लान् त ? सांसदबाट पनि पराजीत प्रचण्डको अस्तीत्वको कल्पना गर्न सकिएला त ? विचार, दर्शन, सिद्धान्त र निष्ठाको प्रश्न यहीँ जोडिएको छ । त्यसकारण प्रचण्डको दिमागमा केवल सत्ता छ, पैसा छ र भागवण्डा छ अनि त्यहीकारण त उनको अवस्था दयनीय छ ।

### संसदीय व्यवस्थाका खाँटी रक्षक

माओवादी केन्द्रका लागि एउटा बाध्यता वा विवशता छ त्यो हो चुनावबाट अस्तित्वको रक्षा गर्नु । उसको एउटै विकल्प छ, त्यो हो चुनाव जित्नु । चुनाव हारेमा उसको अस्तित्व छैन । चुनावका लागि उसलाई सत्ता चाहिन्छ र जसरी पनि सत्ता चाहिन्छ । सत्ता बाहिर रहेर पनि चुनाव जित्न सकिन्छ भन्ने प्रचण्डको मनोविज्ञानमा छैन । उनी एकलै न त सत्तामा पुग्न सक्छन् न त चुनाव जित्न सक्छन् । उनका लागि गठबन्धन चाहिन्छ । गठबन्धन उनको मृत्यु निशाना हो विचार हैन । उनीहरुको अर्को नयाँ सिद्धान्त बनेको छ, त्यो हो अरबपति, खरबपति बन्ने । अर्थात् भरपुर पैसा कमाउने । पैसा कमाउने बाटो हो सत्ताको माध्यमबाट राज्यकोषको ब्रह्मलुट । देश र जनतालाई कंगाल बनाउने र सिमित नेता, धनी बन्ने । त्यसकारण कमिसनमा डुब्नु उनीहरुको मुख्य सिद्धान्त बनेको छ । के उनीहरु सत्ता, गठबन्धन र पैसाको गोलचक्करबाट बाहिर पनि आफ्नो भविष्य देख्न सक्छन् त ? आज बजारमा प्रश्न उठेका छन् : के माओवादी केन्द्र एमालेमा बिलय भएको हैन र ? निःशर्त एमालेको बनेको हैन र ? प्रचण्डको एउटा अद्भूत क्षमता छ, त्यो हो अरुको अन्तरविरोधमा खेलेर आफु हिरो बन्ने । कतिपयले यसलाई सुलसुले पनि भन्छन् अर्थात् यताको कुरा उता र उताको कुरा यता लगाउने ।

### स्वतन्त्र अस्तित्वको प्रश्न

दशवर्षे जनयुद्ध र क्रान्तिकारी आन्दोलनको पृष्ठभूमिका कारण माओवादी केन्द्रको स्वतन्त्र पहिचान र स्वतन्त्र अस्तित्व हुन आवश्यक थियो । एमाले र कांग्रेसभन्दा केही त फरक हुनुपर्दथ्यो तर, उनीहरुभन्दा पनि संसदवादी भएर निस्किए । देशमा राजनीतिक क्रान्ति सम्पन्न भयो भन्ने उनीहरुको गलत संश्लेषण हाबी भयो । त्यसो भए राजनीतिक क्रान्ति सम्पन्न भएपछि देश र जनताका लागि केही गर्नु पर्दैन त ? कमाउ, खाउ धन्दामा लागे पुग्छ त ? परिवर्तन, अग्रगमनका मुद्दा खोइ ? अधिकारका मुद्दा खोइ ? वर्गीय मुद्दाहरु खोइ ? राष्ट्रियताका मुद्दा खोइ ? संसदीय व्यवस्थाको विकल्पमा बहस सिर्जना गर्ने अधिकार माओवादी केन्द्रलाई छ वा छैन ?

त्यसकारण माओवादी केन्द्रको स्वतन्त्र अस्तित्व र पहिचान निर्माण गर्नेतर्फ लाग्नु उसकै लागि हितकर हुन्थ्यो । पहिलो संविधानसभामा जनताले माओवादीलाई समर्थन गरेका थिए यसकारण कि उसको स्वतन्त्र र पृथक पहिचान अनि अस्तित्व थियो । अहिले माओवादी केन्द्रको अस्तित्व या त एमाले या त नेकाको छाँयामा खोज्नुपर्छ । संयोगले आजको संसदमा माके तेस्रो ठूलो दल छ । उसका अगाडि आगामी चुनाव ठूलो त्रास र भयको विषय बन्दै छ । कारण उसको आगामी चुनाव नेकासँग गठबन्धन गर्नुपर्ने बाध्यता छ । चुनाव चिन्हका हिसाबले रुख र हँसिया-हथौडाको लगनगाँठो गास्नुपर्ने छ । अनि जनताले ठान्ने छन् : माओवादी र कांग्रेस एउटै हुन, जसरी हिजो स्थानीय चुनावमा ठानेका थिए । शायद यो एउटा ठूलो नैतिक संकट माओवादी केन्द्रका लागि आउनेवाला छ ।

## सामाजिक सञ्जाल




\- टिपी पौडेल

शिक्षा मन्त्री पौडेल कि छोरीले उच्च शिक्षा अमेरिकाबाट हासिल गरेको रिस कसैले गरेका हैनौं, हामी त केबल तिनका बाले बुर्जुवा शिक्षा भन्दै कयौं युवायुवतीको जिन्दगी अन्धकारमा पारे त्यसको भर्पाइ तिनका बाउले नेपालीलाई कसरी गर्छन्, त्यो मात्र सोध्न चाहेका हौं ।



\- दिपेन्द्र बिष्ट

जबसम्म गरिबी रहन्छन् तबसम्म गरिबलाई धनि त सामन्ती हुन् ती विरूद्ध लड्न पर्छ भनेर राजनीति रोटि सेकि रहन्छन् आफु महलमा बसि रहन्छन् । गरिबी पनि सकिँदैन कम्युनिस्ट नेता पनि सकिदैन जस्तै उदाहरण नेपाल र नेपालका नेता ।



\- गोविन्द सालिक

साम्राज्यवाद र विस्तारवाद भन्दै युद्धका झुटा नारा लगाउने जनतालाई गुमराहमा राख्न खेल खेल्ने हामपन्थीहरूले अहिले धमाधम आफ्ना छोराछोरी ज्वाइँ चेला चपेटामार्फत नेपालको आर्थिक अमेरिकामा लगेर लगानी लगाउदै रैछन । फटाहाहरूले कति जालसाजी गरेका रैछन् धमाधम प्रमाणित हुँदैछ !



\- डम्मर खतिवडा

कमरेड प्रचण्ड ! यो झोपडीमा बस्ने झुठो कुरा नगर्नुहोस् अब । न तपाईं झुपडीमा बस्नु हुन्छ न सम्भव छ । महलमा बस्नु कुनै अपराध हैन, मात्र त्यो लुट, पाप र भ्रष्टाचारको धनले बनेको हुनुहुन्न । अब कार्यकर्तालाई भन्ने आँट गर्नुस् उद्यमशील बन, वैध धन कमाउ र सम्भव भएसम्म राम्रा घर बनाएर बस ।



\- विश्वरसिंह मेवाहाङ

माओवादी नेताका छोराछोरी भन्ने बित्तिकै जंगलमै बस्नुपर्छ, ओडारमै बस्नुपर्छ भन्ने छैन । तर जनताका छोराछोरीलाई चाहिँ जंगलमा पठाएर आफ्ना चाहिँ अमेरिका पढ्न पठाउन चाहिँ सुहाएन । जनताका छोराछोरी चाहिँ कापी कलम किन्ने पैसा नहुने, आफ्ना चाहिँ महंगो बोर्डिङ पढाउने भन्ने कुरा गलत हो ।

# वैज्ञानिक समाजवाद र मार्क्सवादी दृष्टिकोण

टिप्पणी



● मिलन आफन्त

> मार्क्सवाद कुनै जडसुत्र नभएर एक गतिशिल वैज्ञानिक सिद्धान्त हो । त्यसैले यसको प्रयोग सिर्जनात्मक रुपले हुन्छ र हुनुपर्दछ । वर्तमान विश्वमा मार्क्सवादको जगमा टेकेर हामीले एक्काइसौं शताब्दी अनुकुलको वैज्ञानिक समाजवादको निर्माण गर्नु विश्वभरीका क्रान्तिकारी कम्युनिष्टहरुको दायित्व हो ।

विश्वको कम्युनिष्ट आन्दोलनका महान गुरु कार्लमार्क्स भन्नुहुन्छ,- “सामाजवाद स्थायी क्रान्तिको उद्घोषण हो, समान्यतयाः सर्वहारा वर्गको अधिनायकत्वले वर्ग विभेदको उन्मुलन गर्न, त्यो वर्ग विभेद उत्पन्न गर्ने सम्पुर्ण उत्पादन सम्बन्धको सम्पुर्ण सामाजिक सम्बन्धलाई उन्मुलन गर्न, त्यो सामाजिक सम्बन्धबाट उत्पन्न भएका विचारहरुलाई क्रान्तिकारीकरण गर्न आवश्यक संक्रमण विन्दुका रुपमा काम गर्दछ ।”

वैज्ञानिक समाजवाद वास्तवमा स्थायी क्रान्ति र निरन्तर क्रान्ति नै हो । यस्ले साम्यवादमा पुग्न वर्ग विभेदको उन्मुलन गर्दछ । यसले गरिब र धनीबिचको वर्ग विभेदमात्र होइन, बरु यसअन्तर्गतका सानो जाति र ठुलो जाति, महिला र पुरुष, उत्पीडित क्षेत्र, काला र गोरा, शारीरिक श्रम र मानसिक श्रमबिचका विभेदहरु उन्मुलन गर्दछ तसर्थ हामीले वैज्ञानिक समाजवादमा जोड दिएका छौं ।

साँचो अर्थमा भन्ने हो भने पुँजीवादबाट साम्यवादमा पुग्ने संक्रमणकालिन सामाजिक राज्य व्यवस्थालाई वैज्ञानिक समाजवाद भनिन्छ । जसरी पुँजीवादबाट समाजवादमा जाने प्रक्रिया जटिल र लामो हुन्छ त्यसरी नै समाजवादबाट साम्यवादमा जानु पनि एक कठिन प्रक्रिया हो । पुरानो विचारधारा, संस्कृति, रितिरिवाज, आनीबानी र बिरासत पल्टाउने सर्वहाराको कार्यभार निकै कठिन र लामो हुन्छ । त्यस्तै, पृथ्वीका सबै देशहरुमा नभएपनि अधिकांश देशहरुमा समाजवाद नआइकन साम्यवाद स्थापना हुन सक्दैन, आज हाम्रो जमानामा विज्ञान प्रविधिको विकास, उत्पादनको तिव्रता, वित्तिय तथा सञ्चारको विश्व व्यापारीकरणले साम्यवादलाई धेरै नजिक ल्याई दिएको छ ।

पुँजीवादबाट समाजवाद र समाजवादबाट साम्यवादमा शान्तिपुर्ण ढंगले विचरण गर्न सम्भव हुँदैन भनेर हामीहरु सोंच मग्न पनि छौ । तर, शोषक र शोषित वर्गहरु बिचको वर्ग संघर्ष हाम्रो मनोगत इच्छाबाट बाहिर छ अर्थात् वर्गसंघर्ष अपरिहार्य छ । यसले अनिवार्य रुपमा सर्वहारा अधिनायकत्वको दिशामा लैजान्छ । सर्वहारा अधिनायकत्वले अन्ततः आफ्नै अन्त गर्न र वर्गविहिन साम्यवादको स्थापना गर्न सक्रमणकालिन भूमिका निर्वाह गर्दछ । यसलाई मार्क्सले छोटो हुन्छ होला भन्ने सोच्नु भएको थियो तर, लेनिनले यो संक्रमणकालिन सामाजिक राज्य व्यवस्था लामो हुने बताउनु भएको छ । हामीलाई यो कुरा असम्भव जस्तो पनि लाग्न सक्दछ तर, यो एउटा वैज्ञानिक प्रक्रिया हो ।

वैज्ञानिक समाजवादबाट साम्यवादमा पुगिने हुँदा वैज्ञानिक साम्यवादको सिद्धान्तबारे पनि जानी राखौं । वैज्ञानिक साम्यवाद भन्नाले नयाँ साम्यवादी समाजको उद्भव र विकासका नियमहरु बारे पुर्णाङक ज्ञान प्राप्त गराउने विज्ञान भन्ने बुझिन्छ । यो व्यापकतम् अर्थमा मजदुर वर्गको संघर्षमा रहेको समाजको आमुल परिवर्तनका लक्ष्यको अभिव्यक्ति हो, पुँजीवादको अनिवार्य पतन र साम्यवादको विजयबारे सिंगो मार्क्सवादी लेनिनवादी सिद्धान्तको अर्थात् दार्शनिक, आर्थिक र समाजिक राजनीतिक सिद्धान्तहरुको प्रमाणिकरण हो । सिद्धान्तको एउटा सैद्धान्तिक पक्षमा केन्द्रित रहेर भन्ने हो भने मार्क्सवादको एउटा संघटक अंग हो । प्रगति प्रकाशन, मस्कोद्धारा प्रकाशित “वैज्ञानिक साम्यवादको शब्दकोष”अनुसार मार्क्सवाद लेनिनवादका तीनवटा संघटक अंगहरु मध्येको एउटा हो जस्ले मजदुर वर्गको ऐतिहासिक गन्तव्य र त्यसलाई हासिल गर्ने साधन र उपायहरुको सबभन्दा सिधा र मिल्दो सामाजिक राजनीतिक नियमहरु, ढाँचाहरु, बाटाहरु, रुपहरु तथा विधिहरुको विज्ञान हो । यो सर्वहाराको वर्ग संघर्ष र समाजवादी क्रान्ति, समाजवाद र साम्यवादको निर्माणसम्बन्धी सामाजिक-राजनीतिक नियमहरु तथा सम्पुर्ण विश्व क्रान्तिकारी प्रक्रिया विषयक विज्ञान हो ।

मार्क्सवाद-लेनिनवाद क्रान्तिकारी चरित्रको वैज्ञानिक दृष्टिकोण र श्रमजिवि वर्गको मुक्ती एवं समाज परिवर्तनको मार्ग दर्शक सिद्धान्त हो । यसमा रहेको द्वन्दात्मक भौतिकवादी विश्व दृष्टिकोण, परिवर्तनकारी दृष्टिकोण, श्रमजीवी वर्गको पक्षपोषण गर्ने दृष्टिकोण, जनसार्वभौमसत्ताको दृष्टिकोण र सिद्धान्त र व्यवहारबिच एक रुपताको दृष्टिकोण जस्ता मुलभूत सैद्धान्तिक प्रस्थापनाहरु आज पनि उत्तिकै सान्दर्भिक छन् । तर, मार्क्सवाद कुनै जडसुत्र नभएर एक गतिशिल वैज्ञानिक सिद्धान्त हो । त्यसैले यसको प्रयोग सिर्जनात्मक रुपले हुन्छ र हुनुपर्दछ । वर्तमान विश्वमा मार्क्सवादको जगमा टेकेर हामीले एक्काइसौं शताब्दी अनुकुलको वैज्ञानिक समाजवादको निर्माण गर्नु विश्वभरीका क्रान्तिकारी कम्युनिष्टहरुको दायित्व हो ।

# सन् २०२२ मा महामारी अन्त्य हुने डब्लुएचओको विश्वास

**काठमाडौं/एजेन्सी-** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का प्रमुख डा. टेड्रोस अधानम गेब्रेयेससले सन् २०२२ मा कोभिड-१९ को महामारी अन्त्य हुने विश्वास व्यक्त गरेका छन् । उनले यो महामारी अन्त्यको लागि विश्वका सबै मुलुकले एकसाथ काम गर्नुपर्ने बताएका छन् ।

उनले 'संकीर्ण राष्ट्रवाद र खोप जमाखोरी'ले महामारी अन्त्यको लागि चुनौती थपेको उल्लेख गरे । कोरोना भाइरसको पहिलो संक्रमण पुष्टि भएको दुई वर्षपछि डब्लुएचओका प्रमुखले यस्तो बताएका हुन् ।

गेब्रेयेससले अहिले कोभिड-१९ को उपचारको लागि धेरै किसिमको उपकरण रहेको भन्दै यो भाइरस सामान्य बन्दै जाने विश्वास व्यक्त गरे । उनले अहिले खोप



वितरणमा चरम असमानता देखिएको भन्दै असमानताको अन्त्य गर्न सके महामारी आफैं अन्त्य हुने बताए । डब्लुएचओले आगामी जुलाईसम्म विश्वका ७० प्रतिशत मानिसलाई कोरोना खोप दिँदै महामारी अन्त्य गर्ने लक्ष्य राखेको छ ।

यसैबीच पछिल्लो २४ घण्टामा विश्वभर १५ लाखभन्दा बढीमा कोरोना संक्रमण पुष्टि भएको छ । तीमध्ये अमेरिकामा सबैभन्दा धेरै ३ लाख ४६ हजार, फ्रान्समा २ लाख ३२ हजार, बेलायतमा १ लाख ८९ हजार, इटलीमा १ लाख ४४ हजार, अर्जेन्टिनामा ४७ हजार, टर्कीमा ४० हजार, ग्रिसमा ४० हजार र भारतमा २१ हजारभन्दा बढीमा कोरोना संक्रमण पुष्टि भएको छ ।

यो अवधिमा विश्वभर साढे ५ हजारभन्दा बढीको कोरोना संक्रमणबाट मृत्यु भएको छ । मृत्यु हुनेमध्ये रसियामा ९१२, अमेरिकामा ७११, पोल्याण्डमा ६३८, जर्मनीमा २४४, भियतनाममा २२६ र युक्रेनमा २०९ जनाको कोरोनाबाट मृत्यु भएको तथ्यांक छ । हालसम्म विश्वभर कोरोनाबाट मृत्यु हुनेको संख्या ५४ लाख ५२ हजार नाघेको छ। झण्डै ३ करोड सक्रिय संक्रमित छन् ।

# कश्मिरको एक मन्दिरमा भागदौड मच्चिँदा १२ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी-** भारत प्रशासित जम्मु काश्मिरको एक मन्दिरमा भागदौड मच्चिदा १२ जनाको मृत्यु भएको छ । नयाँ वर्ष २०२२ को अवसरमा वैष्णोदेवी मन्दिरमा दर्शन गर्न पुगेका तिर्थयात्रीहरुबीच भागदौड मच्चिँदा १२ जनाको मृत्यु भएको हो । भागदौडमा २० जनाभन्दा बढी घाइते भएका छन् ।

जम्मु काश्मिरको त्रिकुटा पहाडमा अवस्थित सो मन्दिर ५ हजार २०० फुटको उचाईमा रहेको छ । समाचार एजेन्सी एएनआईलाई स्थानीय प्रहरी अधिकारी लिबाग सिंहले भनेका छन् : 'कटरास्थित माता वैष्णोदेवी मन्दिर परिसरमा भागदौड मच्चिँदा १२ जनाको मृत्यु भएको छ । यो दुर्घटना एउटा विवादबाट सुरु भएको थियो । त्यसलगत्तै भीडमा भागदौडको स्थिति उत्पन्न भएको थियो ।'

कटारास्थित सामूदायिक स्वास्थ्य केन्द्रका चिकित्सक डा.गोपाल दत्तका अनुसार भागदौडमा १२ जनाको मृत्यु भएको छ । उनीहरु सबै दिल्ली, हरियाणा, पञ्जाब र जम्मु काश्मिरका सर्वसाधारण हुन् । घटना भएलगत्तै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मृतकहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसम्तप्त परिवारप्रति समवेदना प्रकट गरेका छन् ।

प्रधानमन्त्री मोदीले मृतकका परिवारलाई २- २ लाख रुपैयाँ सहयोग गर्ने बचन समेत दिएका छन् । यो वर्ष वैष्णोदेवी मन्दिर ५६ लाखभन्दा बढी दर्शनार्थी पुगेको भारतीय सञ्चारमाध्यमहरुले जनाएका छन् ।

# डढेलोको चपेटामा कोलोराडो



**काठमाडौं/एजेन्सी-** अमेरिकाको कोलोराडो राज्यको डेनभरको जंगलमा भएको डढेलोबाट करिब हजारभन्दा बढी घर, एउटा होटल र एउटा सपिङ सेन्टर जलेर खरानी भएका छन् । आसपासका क्षेत्रका हजारौं मानिसलाई सुरक्षित स्थानमा सारिएको छ। डेनभरको बाहिरी क्षेत्रमा बिहीबार बिहान भएको आगलागीमा कम्तीमा सातजना घाइते भएका छन् ।

बोल्डर काउन्टीका शेरिफ (काउन्टीका कानुनी मामिला अधिकारी) जो पेलेले १६९ किलोमिटर प्रतिघन्टाको हावाको गतिको कारण डढेलो फैलिएकाले केही व्यक्ति हताहती भएको डर छ। पेलेले डढेलो निकै भीषण भएकाले तत्कालै नियन्त्रण गर्न नसकिने बताए। उद्धार अभियानमा खटिएका डेपुटी सेरिफ र दमकलकर्मीलाई त्यहाँबाट निकाल्नुपरेको थियो ।

करिब २१ हजार जनसंख्या भएको लुइसभिल शहरलाई खाली गर्न आदेश दिइएको छ । यसअघि करिब १३ हजार जनसंख्या भएको सुपिरियर नगरलाई खाली गर्न आदेश दिइएको थियो। डेनभरको उत्तरपश्चिममा लगभग ३२ किलोमिटरको दूरीमा अवस्थित छन् । कोलोराडोको जंगलमा बिहीबारदेखि आगलागी शुरु भएको हो । ६.५ वर्ग किलोमिटरसम्म फैलिएको जंगलमा लागेको डढेलोका कारण अधिकांश भाग धुवाँले भरिएको छ भने आकाशमा आगोको ज्वाला उठेको देखिएको छ ।

# दक्षिण कोरियाली पूर्व राष्ट्रपति पार्क कारागार मुक्त

**काठमाडौं/एजेन्सी-** दक्षिण कोरियाका पूर्व राष्ट्रपति पार्क ग्युन हेलाई वर्तमान राष्ट्रपति मुन जे इनले दिएको विशेष माफीमा शुक्रबार रिहा गरिएको छ । भ्रष्टाचारको आरोपमा ५७ महिना जेलमा परेकी पार्कले सियोलको एक अस्पतालमा माफीको प्रमाणपत्र पाएकी छिन् । जहाँ उनको काँध र कम्मरको दुखाइको कारण एक महिनाभन्दा बढी समयदेखि उपचार भइरहेको छ ।

सन् २०१९ मा काँधको शल्यक्रिया गरेपछि ६९ वर्षीया वृद्धले अर्को वर्ष फेब्रुअरी २ सम्म अस्पतालमा उपचार गर्ने योजना बनाएकी थिइन। एक हप्ता अघि न्याय मन्त्रालयले पार्कलाई नयाँ वर्षको लागि विशेष माफी दिइनेको सूचीमा समावेश गरेको घोषणा गरेको थियो ।

पार्कलाई २२ वर्षको जेल सजाय सुनाइएको थियो र भ्रष्टाचारको आरोपमा महाभियोग लगाइएपछि पदमुक्त भएकी हेले २०१७ देखि सजाय भोग्दै आएकी थिइन् । ब्लु हाउसका अनुसार पार्कको बिग्रँदै गएको स्वास्थ्यलाई ख्याल गर्दै माफी दिने निर्णय गरिएको योनहाप समाचार एजेन्सीले जनाएको छ । पार्कलाई पूर्वराष्ट्रपतिको रूपमा सुरक्षा दिइए पनि अन्य विशेषाधिकारहरू भने दिइने छैन ।

## Invitation For Bids

Sudurpaschim Province

**Office of the Rural Municipality Executive**

**Bardagoriya Rural Municipality**

Kailali

**Invitation for Bids for the Construction Of Ring Road, Bardagoriya Rural Municipality Kailali**

**Contract Identification No:04/BRM/NCB/2078/079**

**Date of publication: 2078/09/18 ( 02/Jan/2022)**

1. **Office of The Rural Municipal Executive, Bardagoriya Rural Municipality, Muda, Kailali has allocated funds** towards the cost of ***Construction of Ring Road in Bardahoriya Rural Municipality*** and intends to apply part of the funds to cover eligible payments under the Contract 04/BRM/NCB/2078/079. Bidding is open to all eligible as per Section V of bidding document.
2. **Bardagoriya Rural Municipality, Muda Kailali** invites electronic bids from eligible bidders for the construction of **Construction of Ring Road** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   **Only eligible bidders with the following key qualifications should participate in this bidding:**
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **43.8 Million.**
   - Minimum Work experience of similar size and Nature : **23.36 Million.**
3. Eligible Bidders may visit PPMO e-GP system www.bolpatra.gov.np/egp. to obtain further information and inspect the Bidding Documents.
4. Bidder should submit their bid Along with Deposition of cost of bidding document i.e. **NRS 5,000.00** in the Project's Rajaswa (revenue) account as specified below .

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank** :-**NIC Asia Bank Ltd., Bauniya, Kailali Branch**
**Name of Office** : **Bardagoriya Rural Municipality, Muda, Kailali**
**Office Account No.** :- **0952050028226002 (For The deposition Of bid Document Charge)**
**Dharauti Khata Ga-3** :- **9541498687524004 (In case of Bid security Deposition)**

5. Pre-bid meeting shall be held at B**ardagoriya Rural Municipality, Muda Kailali** at ***2078/10/06 (20/Jan/2022) 13:00PM.***
6. Electronic bids must be submitted to the **Bardagoriya Rural Municipality , Muda Kailali** through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before ***12:00, 2078/10/18 (01/Feb/2022)***. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00, 2078/10/18 (01/Feb/2022)*** at the office of **Bardagoriya Rural Municipality, Muda Kailali** Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of **Rs. 8,76,000.00** which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. **Bardagoriya Rural Municipality, Muda Kailali** reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.


## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी: HAYA SAAD BIN MAHDI AL-AJMI BUFFET FOR SERVING MEALS** शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०९/१६ चलानी नं.: ६०१७१६९० LT. No.: 254055

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ पुस २५ गते (9 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**लक्की ओभरसिज प्रा. लि.**
धोबिघाट-३, रिङ्गरोड, ललितपुर, नेपाल, फोन: ०१-५१५३०५५, ०१-५१५३०३३
E-mail: luckyoverseas1998@gmail.com, overseaslucky@gmail.com
Web.: luckyoverseas.com
श्रम इजाजत नं. १३८/०५५/०५६



## QATAR, SAUDI र UAE मा रोजगारको अवसर

१. कम्पनी : **TANAREEFA TRADING CONTRACTING AND TRANSPORT CO** शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७८/०९/१६ चलानी नं.: ६०१७१६४८ L.T. No.: 255069

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Marketing | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2100 | ६८,५०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 8 | 0 | | 1900 | ६१,९७८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २५ र २६ गते सम्म (9 & 10 Jan. 2022) मा हुनेछ ।**

२. कम्पनी : **THE EVEREST BIKER** शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०७९३ L.T. No.: 254160

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८१,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mechanic | 2 | 0 | | 1100 | ३५,८८२ | | | | | | | |
